आज मिति २०८१ बैशाख १७ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ५१ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिलबमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिंह बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डांगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारीहरु :**

श्री मानबहादुर ठाडा, लेखा अधिकृत
श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं, प्रशासन शाखा
श्री दिपेश पौडेल, सूचना प्रविधि अधिकृत
श्री बीर बहादुर चुनारा, कार्यालय सहयोगी

CamScanner

| क.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | आ.व.२०८१।०८२ को योजना तर्जुमा सम्बन्धमा । |
| २. | विविध सम्वन्धमा । |

**मिति २०८१।०१।१७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :**

**प्रस्ताव नं. १ : आ.व.२०८१।०८२ को योजना तर्जुमा सम्बन्धमा ।**

**निर्णय नं. १ :** यस भेरीगंगा नगरपालिकाको आगामी आ.व. २०८१।०८२ का लागि योजना तर्जुमा प्रकृया अगाडी बढाउने र मिति २०८१।१।१८ गते देखि ३१ गतेसम्म प्रत्येक वडाका टोलहरुमा सबै सरोकारवालाहरु र जनसमुदायहरुलाई सहभागी गराई टोलस्तरमा योजना छनौट कार्य सम्पन्न गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. २ : विविध सम्वन्धमा ।**

**निर्णय नं. २ (क):** यस भेरीगंगा नगरपालिका अन्तर्गत चालु आ.ब. २०८०।०८१ मा स्थानिय पूर्वाधार सहयोग कार्यक्रम LISP परियोजनाको सहलगानीमा सन्चालन गरिएका बिभिन्न योजनाहरुको ठेक्का प्रकृयाबाट बचेको रकमबाट हाल सन्चालन भैरहेका तपसिल अनुसारका योजनाहरुमा तपसिल अनुसार बजेट थप गरी निर्माण कार्य अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

| क.सं. | योजनाको नाम | ठेगाना | बिनियोजित बजेट रकम रु. |
|---|---|---|---|
| १ | कालिदमार लेखहात्तिखाल सडक निर्माण | भेरीगंगा ५ | १५,००,०००। |
| २ | हरियाली दमार, दुर्गा, भगवती, तालबारी, टाकुरी टोलमा सिंचाई कुलो निर्माण (बाँध मर्मतसमेत) | भेरीगंगा १० | १५,००,०००। |
| ३ | सवडिभिजन वन कार्यालय हुँदै पिपलचौतारा जाने सडक र पक्की नाली निर्माण (पिपलचौतारा देखि छिन्चुखोला पुलसम्म) | भेरीगंगा १२ | १५,००,०००। |
| ४ | लेकवेसी टोल देखि प्रभात प्रा.वि. हुदै नाच्नेखोला पुल जाने सडक निर्माण | भेरीगंगा ९ | १५,००,०००। |
| ५ | भेरीगंगा ७ अपुरा सडक निर्माण तथा स्तरउन्नती | भेरीगंगा ७ | ५,००,०००। |
| ६ | भेरीगंगा ८ सडक ग्राभल (सिंचाई कुलो निकास) | भेरीगंगा ८ | २,००,०००। |
| | जम्मा रु. | | ६७,००,०००। |

**निर्णय नं. २ (ख):** यस भेरीगंगा नगरपालिका अन्तर्गत वडा नं. ५ बबई हात्तीखालमा निर्माण भैरहेको ट्राफिक प्रहरी कार्यालयको भवनका लागि रु. ५०,०००। पचास हजार आर्थीक सहयोग गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

CamScanner

निर्णय नं. २ (ग): यस भेरीगंगा नगरपालिका अन्तर्गत वडा नं. ८ र ११ मा रहेका कृषि प्रसार सेवाकेन्द्र सन्चालनका लागि प्रश्ताब गरिएको अपुग रकम यस नगरपालिकाको चालु खर्च तर्फको करार सेवा शुल्कबाट भुक्तानी गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

निर्णय नं. २ (घ): यस भेरीगंगा नगरपालिका वडा नं. १२ को झिङ्नारामा निर्माणाधिन रहेको फोहरमैला प्रशोधन केन्द्र सन्चालन गर्न र भेरीगंगा नगरपालिकाको फोहरमैला संकलन तथा ब्यबस्थापन गर्नका लागि ठेक्का आव्हान गरिएकोमा उक्त ठेक्काको सम्झौता अवधि १० दश बर्ष राख्ने गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

निर्णय नं. २ (ङ): कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको बजेटमा यस भेरीगंगा नगरपालिका वडा नं. ८ मा रहेको मैनतडामा रंगशाला (क्रिकेट मैदान) निर्माण गर्न रु ८० लाख बजेट बिनियोजन भएकोमा समय कम भएका कारण उक्त योजना उपभोक्ता समिति मार्फत निर्माण कार्य सन्चालन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

निर्णय नं. २ (च): यस भेरीगंगा नगरपालिका अन्तर्गतका बिभिन्न वडाका सडकहरुमा सडकको बिच भाग र अपायक स्थानबाट बिद्युत लाइन सन्चालन भएकोले उक्त बिद्युत लाइनहरु सडकको छेउबाट बिस्तार गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

CamScanner